# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं, कात्तिक ३० गते, २०७२ साल (संख्या २८


## भाग ३

नेपाल सरकार

## गृह मन्त्रालयको सूचना

### कारागार (चौधौ संशोधन) नियमावली, २०७२

कारागार नियमावली, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कारागार ऐन, २०१९ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "कारागार (चौधौ संशोधन) नियमावली, २०७२" रहेको छ ।

(२) यो नियमावली सम्वत् २०७२ साल कार्तिक २ गतेदेखि प्रारम्भ भएको मानिने छ ।

२. <u>कारागार नियमावली, २०२० को नियम २९ मा संशोधन</u> : कारागार नियमावली,२०२० को नियम २९ को,-

(१) उपनियम (१) मा रहेका "पचास प्रतिशतसम्म" भन्ने शब्दहरुको सट्टा "साठी प्रतिशतसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२क) मा रहेका "सत्तरी वर्ष उमेर पुगेका" भन्ने शब्दहरुको सट्टा "पैसठ्ठी वर्ष उमेर पुगेका" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
सूर्यप्रसाद सिलवाल
नेपाल सरकारको सचिव

६३२



मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।